८०.विभिन्न माहामारीबाट पशुधनको मृत्यू भई कृषकलाई हुने आर्थिक क्षति न्यूनीकरण गर्न एक घर एक उन्नत पशु बीमा कार्यक्रमका लागि आवश्यक बजेटको विनियोजन गरिनेछ ।

८१.पशुपन्छीहरुमा देखा पर्ने विभिन्न माहामारी रोग नियन्त्रण गर्न आवश्यक खोप तथा विभिन्न समस्यामा आधारित औषधिहरु प्रत्येक वडा पशु सेवा केन्द्रबाट निशुल्क रुपमा वितरण गर्ने प्रवन्ध मिलाइनेछ ।

८२.पशुपंक्षिहरुमा देखिने विभिन्न रोगहरुको उपचार क्षेत्रलाई प्रभावकारी बनाई आधुनिक पद्धति र विधिबाट सेवा प्रदान गर्न विभिन्न भेटेरिनरी औजार उपकरणहरुको व्यवस्थापन गरिनेछ ।

८३.पशुपालक कृषकहरुलाई पशुपंक्षिमा देखिने विभिन्न समस्याहरु बारे सचेत गराई माहामारीको अवस्था सृजित हुनबाट वंचित गराउन पशुपंक्षि रोग रोकथाम तथा नियन्त्रणबारे सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

८४. कृषि तथा पशु सेवा केन्द्रमा कार्यरत प्राविधिकहरूले कृषकहरूको घर-खेतमा गई चौमासिक रूपमा कार्यालयमा प्रतिवेदन पेश गर्ने गरी निशुल्क रूपमा आवश्यक परामर्श सेवा दिने व्यवस्था गरिनेछ ।

## घरेलु तथा लघु उद्यम

८५.गरिबी निवारण तथा उत्पादन तथा उत्पादकत्व बृद्धि गरेरमात्र समृद्ध हिलिहाङ निर्माण सम्भव हुने यर्थाथलाई मनन गर्दै उद्यम विकासमा विशेष जोड दिईनेछ । यसका लागिगरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) लाई निरन्तरता दिइनेछ भने लघु उद्यमीहरुलाई उत्पादन तथा उत्पादकत्व बृद्धि गराउन जोड दिदै स्थानीय स्तरमा उद्यम सञ्चालन गरी उत्पादन भएका वस्तुहरुको बजारीकरणमा विशेष ध्यान दिइनेछ ।

## रोजगार सम्बन्धी नीति तथा कार्यक्रम

८६.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हिलिहाङ गाउँपालिकाको रोजगार सेवा केन्द्र (E-MIS) मा दर्ता भएका श्रमिकहरूलाई, पूर्वाधार निर्माणका क्षेत्रमा १०० दिनको न्यूनतम ज्यालादारी सहित थप अन्य क्षेत्रमा पनि खटाउने गरिको योजना सहित प्रदेश, संघ सरकारसंगको साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

८७.श्रमिकहरूलाई निर्माण कार्यमा खटिंदा वा कार्य सम्पादनका क्रममा आवश्यक औजार उपकरण तथा सुरक्षाका सामाग्रीहरूको व्यवस्था मिलाइनेछ ।

८८.सीप विकास, क्षमता विकास, कृषि अनुदान तथा सबलीकणको माध्यमद्धारा स्वरोजगार बनाई उत्पादन र उत्पादकत्व बृद्धि गर्दै लगिनेछ ।

८९.स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सीप विकास रोजगारी प्रवर्द्धन, उत्पादनशील रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन रोजगारीमा पदस्थापना स्वरोजगारी वैदेशिक रोजगारबाट फर्केकाहरुलाई पुन:एकीकरण आदि कार्यक्रम सञ्चालन गर्न रोजगार रणानीति तयार गरिनेछ ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सम्बन्धमा

